महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम

क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखा सञ्चालनसम्बन्धी कार्यविधि

२०७१

त्रिभुवन विश्वविद्यालय

महेन्द्ररत्न बहुमुखी क्याम्पस,

इलाम

महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम

क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखा सञ्चालनसम्बन्धी कार्यविधि

२०७९

क्याम्पस प्रमुख

त्रिभुवन विश्वविद्यालय

महेन्द्ररत्न बहुमुखी क्याम्पस,

इलाम

महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम

क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखा सञ्चालनसम्बन्धी कार्यविधि

२०७९

प्रस्तावना

उच्च शिक्षालाई समयसापेक्ष गराउँदै विद्यार्थीहरूको चौतर्फी क्षेत्रमा विकास गराउन् आजको आवश्यकता हो । उच्च शिक्षा प्रदान गर्ने त्रिभुवन विश्वविद्यालयअन्तर्गत पूर्वी नेपालको आङ्गिक क्याम्पसका रुपमा रहेको महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलामले यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको शिप, दक्षता र क्षमता अभिवृद्धिका लागि विद्यार्थी लक्षित विविध कार्यक्रमहरू सञ्चालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकाले यस क्याम्पसमा भएको क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखाले एक प्राज्ञिक एकाइका रुपमा कार्य गर्न त्रिभुवन विश्वविद्यालय स्वायत्ततासम्बन्धी नियम २०६२ को परिच्छेद २ नियम ४ ले दिएको अधिकार प्रयोग गरी "क्याम्पस विद्यार्थी कल्याण शाखा सञ्चालन सम्बन्धी कार्यविधि २०७९" तर्जुमा गरिएको छ ।

क्याम्पस प्रमुख

परिच्छेद-१

१.१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलामको क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखा सञ्चालन कार्यविधि २०७९ रहेको छ।

(ख) यो कार्यविधि क्याम्पसको सञ्चालक समितिले पारित गरी प्रमाणीकरण गरे पश्चात लागु गरिनेछ।

१.२.परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यविधि" भन्नाले महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलामको क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखा सञ्चालन कार्यविधि २०७९ सम्झनु पर्नेछ।

(ख) "क्याम्पस " भन्नाले महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलामलाई सम्झनु पर्नेछ।

(ग) "क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखा" भन्नाले त्रिभुवन विश्वविद्यालय विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयको मातहतमा रहने आङ्गिक क्याम्पसमा सञ्चालित हुने क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखालाई बुझाउनेछ ।

(घ) "शाखा" भन्नाले त्रिभुवन विश्वविद्यालय, विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयको अधीनस्थ रहेको यस क्याम्पसको क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखा सम्झनु पर्नेछ।

(ङ) "कार्यालय" भन्नाले यस क्याम्पसको क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखाको कार्यालयलाई जनाउँने छ।

(च) "विद्यार्थी सङ्घ सङ्गठन" भन्नाले विभिन्न विचारधारासँग आवद्ध यस क्याम्पसको प्रशासनमा दर्ता भएका विद्यार्थी सङ्घ सङ्गठनलाई बुझाउनेछ।

(छ) "कार्यकारी समिति" भन्नाले यस क्याम्पसको कार्यकारी समिति सम्झनु पर्नेछ ।

(ज) "प्राध्यापक" भन्नाले यस क्याम्पसमा अध्यापनरत प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक र शिक्षण सहायकसमेतलाई बुझाउने छ।

१.३. क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखाको कार्यालय यस क्याम्पसले उपलब्ध गराएको भवनमा रहने छ।

२०/६/७९

क्याम्पस प्रमुख

परिच्छेद - २

२. क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखाको व्यवस्था

२.१ त्रिभुवन विश्वविद्यालय, विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयसम्बन्धी कार्य व्यवस्थापन प्रणाली २०६७ बमोजिम यस क्याम्पसको क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखामा देहायका प्रमुख तथा सदस्यहरू रहनेछन् ।

(क) क्याम्पस प्रमुख -अध्यक्ष

(ख) क्याम्पसका प्राध्यापकहरू मध्येबाट क्याम्पस प्रमुखबाट मनोनित ३ जना -सदस्य

(ग) खेलकुदमा ज्ञान भएका विद्यार्थीहरू मध्येबाट क्याम्पस प्रमुखबाट मनोनित १ जना -सदस्य

(ग) प्रतिनिधि त्रि.वि. प्राध्यापक सङ्घ क्याम्पस एकाइबाट १ जना -सदस्य

(घ) प्रतिनिधि त्रि.वि. कर्मचारी सङ्घ क्याम्पस एकाइबाट १ जना -सदस्य

(ङ) स्वतन्त्र विद्यार्थी युनियनको प्रतिनिधि १ जना -सदस्य

(च) क्याम्पस विद्यार्थी कल्याण प्रमुख -सदस्य सचिव

२.२. क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखाको काम, कर्तव्य र अधिकार:

(क) यस क्याम्पसका विद्यार्थीहरूको हित तथा अतिरिक्त क्रियाकलापसँग सम्बन्धित वार्षिक बजेट, योजना तथा कार्यक्रमहरूको तर्जुमा गरी स्वीकृतिका लागि क्याम्पस प्रशासनमा पेश गर्ने,

(ख) स्वतन्त्र विद्यार्थी युनियनको चुनावका लागि समन्वयकारी भूमिका निर्वाह गरी स्व.वि.यु. निर्वाचनका निम्ति सम्पूर्ण आवश्यक कार्य गरी निर्वाचन सम्पन्न गर्ने,

(ग) यस क्याम्पसको क्याम्पस प्रशासनमा दर्ता भएका विद्यार्थी सङ्घ-सङ्गठनसँग समन्वय गर्ने,

(घ) प्रत्येक शैक्षिक सत्र सुरु हुने समयमा क्याम्पसका विद्यार्थीहरूलाई लक्षित संस्थागत परिचय क्याम्पसमा अध्ययन अध्यापन भइरहेका विषयहरूसँग सम्बन्धित जानकारीमूलक कार्यक्रमहरू आदिका बारेमा अभिमुखीकरण गर्ने,

(ङ) खेलकुद कार्यक्रमअन्तर्गत अन्तरक्याम्पस, अन्तरसङ्घ तथा तहगत स्तरीय फुटबल, भलिबल, ब्याडमिन्टन, टेबलटेनिस, बास्केटबल, फुडसल आदि प्रतियोगितात्मक खेलकुद कार्यक्रमहरू क्याम्पस प्रशासनको अनुमति र विद्यार्थी सङ्घ, सङ्गठनको सहयोग र समन्वयमा सञ्चालन गर्ने, गराउने,

क्याम्पस प्रमुख

(च) साहित्यसम्बन्धी कार्यक्रमअन्तर्गत अन्तरक्याम्पस, अन्तरसङ्काय तथा तहगत स्तरीय कविता प्रतियोगिता, वादविवाद प्रतियोगिता, हाजिरी जवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, गजल वाचन, रचना प्रतियोगिता आदि साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्ने,

(छ) प्रकाशनसम्बन्धी कार्यक्रमअन्तर्गत क्याम्पस प्रशासनको सहयोगमा विद्यार्थीहरूको सहभागिता रहने गरी क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखाको मातहतमा रहने गरी एक सम्पादक मण्डल बनाइ मुखपत्र प्रकाशन गर्ने, गराउने,

(ज) रेडक्रस, स्काउट तथा प्राथमिक उपचारको व्यवस्थापन गर्ने,

(झ) सरस्वती पूजा तथा सरसफाई कार्यक्रमहरू गर्ने,

(ञ) क्याम्पस विद्यार्थी कल्याणसँग सम्बन्धित क्रियाकलाप गर्ने, गराउने,

(ट) विद्यार्थी सङ्ग-सङ्गठनहरूले सञ्चालन गर्ने नवआगन्तुक विद्यार्थीका लागि गरिने स्वागत तथा अध्ययन पूरा गरी विदा हुने विद्यार्थीहरूका लागि गरिने विदाईका कार्यक्रमहरू सञ्चालन गर्दा विद्यार्थी सङ्ग-सङ्गठनहरूले पेश गरेको Proposal का आधारमा क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखाको सिफारिसमा क्याम्पस प्रशासनको स्वीकृतिबमोजिम सञ्चालन गर्ने,

(ठ) आवश्यक अतिरिक्त क्रियाकलापहरूको व्यवस्था र खेलकुदका भौतिक पूर्वाधार निर्माण मर्मत गर्न आवश्यक परेमा विद्यार्थी कल्याण तथा खेलकुद शाखाले क्याम्पस प्रशासनलाई अनुरोध गर्न सक्नेछ ।

(ड) क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखासँग सम्बन्धित क्याम्पस प्रशासनले तोकेबमोजिमको अन्य कार्यहरू गर्ने ।

२.३. क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखा प्रमुखको व्यवस्था:

(क) क्याम्पसका स्थायी शिक्षक मध्येबाट क्याम्पस विद्यार्थी कल्याण प्रमुखको नियुक्तिका लागि क्याम्पस प्रमुखले तीन जनाको नाम विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयमा सिफारिस गरी पठाउनु पर्ने छ । उक्त तीन जनामध्येबाट एक जनालाई विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयको निर्देशकको सिफारिसमा शिक्षाध्यक्षबाट नियुक्त गरिनेछ । क्याम्पस विद्यार्थी कल्याण प्रमुख पूरा समय कार्य गर्ने अधिकारी हुनेछ ।

(ख) क्याम्पस विद्यार्थी कल्याण प्रमुखको पदावधि दुई वर्षको हुनेछ तर निजले आफ्नो कर्तव्यको पालना नगरेको पाइएमा क्याम्पस प्रमुखको सिफारिसमा कार्यकारी परिषद्ले जुनसुकै बखतमा निजलाई हटाउन सक्नेछ ।

क्याम्पस प्रमुख

(ग) देहायको अवस्थामा क्याम्पस विद्यार्थी कल्याण प्रमुखको पद रिक्त भएको मानिनेछ ।

(१) कार्यकारी परिषद्ले निजलाई पदमुक्त गरेमा वा

(२) निजको मृत्यु भएमा वा

(३) निजले पेस गरेको राजिनामा शिक्षाध्यक्षबाट स्वीकृत भएमा वा

(४) निजको पदावधि पूरा भएमा वा

(५) निज त्रि.वि. सेवामा नरहेमा वा

(६) बहुलाएको वा मानसिक असन्तुलन भएको भनी आधिकारिक रुपमा प्रमाणित भएमा वा

(७) नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतले कसुरदार ठहराइ कैदको सजाय दिएमा

(घ) क्याम्पस विद्यार्थी कल्याण प्रमुखको सेवा सुविधाको हकमा त्रि.वि. ऐन, नियम तथा स्वायत्ततासम्बन्धी नियम २०६२ (संशोधनसहित) बमोजिम हुनेछ ।

२.३. क्याम्पस विद्यार्थी कल्याण प्रमुखको काम, कर्तव्य र अधिकार

(क) क्याम्पस विद्यार्थी कल्याण समितिको सदस्य-सचिवको हैसियतले समितिको सम्पूर्ण निर्णयहरू कार्यान्वयन गर्ने जिम्मेवारी वहन गर्नु ,

(ख) क्याम्पसमा उपलब्ध विभिन्न छात्रवृत्तिहरू योग्य विद्यार्थीलाई दिलाउन क्याम्पस प्रमुखलाई सल्लाह दिनु,

(ग) क्याम्पसको विद्यार्थी समस्यावारे क्याम्पस प्रमुख तथा विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयलाई जानकारी गराउनु ,

(घ) क्याम्पस विद्यार्थी कल्याण कोषबाट विद्यार्थीहरूलाई सहयोग गर्नुपर्ने अवस्थामा सिफारिस गर्नु,

(ङ) विद्यार्थी आचारसंहिताको पालना गर्न लगाउन सहयोग पुऱ्याउनु,

(च) क्याम्पस विद्यार्थी कल्याण प्रमुख क्याम्पस प्रमुख, निर्देशक र शिक्षाध्यक्षप्रति उत्तरदायी हुनेछ ।

(छ) क्याम्पस प्रमुखले तोकेबमोजिम अन्य कामहरू गर्नु, गराउनु ।

क्याम्पस प्रमुख

परिच्छेद -३

३. छात्रवृत्ति सम्बन्धी व्यवस्था:

३.१. क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखाबाट गरिब तथा जेहेन्दार, पूर्ण निःशुल्क र अर्ध-निःशुल्क छात्रवृत्तिका लागि महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलामको विभिन्न सङ्कायअर्न्तगतका तह र वर्षमा अध्ययनरत विद्यार्थीहरूको त्रि.वि. परीक्षा नियन्त्रण कार्यालय, वल्खुद्वारा वार्षिक परीक्षा फाराम खुलेपछि सो को १५ दिने म्याद राखी गरिब तथा जेहेन्दार र निःशुल्क छात्रवृत्तिका लागि आवेदन आह्वान गरी फाराम भर्ने १५ दिने म्याद सकिएको ७ दिनभित्र अर्न्तवार्ताको सूचना प्रकाशन गरी अन्तर्वार्ता गरिने छ।

३.२. उक्त अन्तर्वार्तामा क्याम्पस प्रमुख, सङ्कायअर्न्तगतका सहायक क्याम्पस प्रमुख र विषय विज्ञको आमन्त्रणमा क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखा र यस क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनको प्रतिनिधि वा विभिन्न विद्यार्थी सङ्ग-सङ्गठनको प्रतिनिधिबाट सम्पन्न गरिने छ।

३.३. उक्त अन्तर्वार्ताबाट गरिब तथा जेहेन्दार, पूर्ण निःशुल्क र अर्ध-निःशुल्क छात्रवृत्तिको छनोट गर्दा निम्न आधारहरू तय गरिनेछ।

(क) मानविकी तथा सामाजिक शास्त्र सङ्कायअर्न्तगत स्नातक तहका नियमित अध्ययनरत विद्यार्थी मध्येबाट उत्कृष्ट १ जना छात्र र १ जना छात्रा गरी दुई जना छात्रछात्रालाई जेहेन्दार छात्रवृत्ति प्रदान गरिने छ र बाँकीलाई भर्नाको २० प्रतिशतलाई पूर्ण तथा अर्ध निःशुल्क छात्रवृत्ति प्रदान गरिने छ, भने शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातक तहका नियमित अध्ययनरत विद्यार्थीहरू मध्ये ५० जना विद्यार्थी भर्ना भए वापत् २५ प्रतिशत विद्यार्थीलाई गरिब तथा जेहेन्दार छात्रवृत्ति र भर्नाको २० प्रतिशत विद्यार्थीलाई पूर्ण तथा अर्ध निःशुल्क छात्रवृत्ति प्रदान गरिने छ।

(ख) छात्रवृत्ति छनौट गर्दा प्रत्येक क्षेत्र वा वर्गअन्तर्गत आवेदन गर्ने विद्यार्थीहरू बिच प्रतिस्पर्धाको वरियताक्रमका आधारमा छनौट गरिनेछ।

क्याम्पस प्रमुख

स्पष्टीकरण: दुर्गम क्षेत्रअन्तर्गत ताप्लेजुङ, पाँचथर, संखुवासभा, भोजपुर, तेह्रथुम आदि क्षेत्रबाट यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई विशेष प्राथमिकतामा राखी छात्रवृत्ति व्यवस्थापन गरिनेछ ।

(ग) छात्रवृत्ति दोहोरो पर्ने गरी वितरण हुने छैन ।

(घ) तोकिएको क्षेत्र वा वर्गमा छात्रवृत्तिका लागि आवेदन गर्ने विद्यार्थीहरूले सम्बन्धित निकायबाट जारी गरिएको प्रमाण पेस गर्नु पर्नेछ ।

(ङ) छात्रवृत्तिसम्बन्धी आवेदनको ढाँचा अनुसूची १ बमोजिमको हुनेछ । छात्रवृत्तिका लागि समावेश हुने प्रत्येक विद्यार्थीले रु. १० तिरी फारम भर्नु पर्नेछ । सो छात्रवृत्तिसम्बन्धी आवेदन फारम क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद शाखा तथा क्याम्पस प्रशासनको समन्वयमा वितरण हुने छ ।

(च) विद्यार्थीले अघिल्लो वर्षमा प्राप्त गरेको नतिजा तथा विद्यार्थीले परीक्षामा सामेल भए नभएको वा ड्रप गरे नगरेको समेत मूल्याङ्कन गरिनेछ ।

(छ) क्याम्पसबाट सञ्चालन गरिएको अन्तरिक परीक्षामा सामेल भए नभएको, सामेल भए पनि कति विषयसम्म सामेल भएको हो, सो समेतलाई मूल्याङ्कनको आधार बनाईने छ ।

(ज) क्याम्पसबाट अन्य सुविधा अथवा अनुसूची २ अन्तर्गतको कोटाभित्र परी सुविधा लिएका विद्यार्थीलाई, छात्रवृत्तिमा समावेस गरिने छैन, तर जेहेन्दारमा भने प्रतिवन्ध लगाईने छैन ।

स्पष्टीकरण: यस क्यापसबाट अन्य शीर्षकमा सुविधा पाउने विद्यार्थीहरू भन्नाले अनुसूची २ बमोजिम सुविधा लिएका विद्यार्थीलाई बुझाउने छ ।

(झ) छात्रवृत्ति वितरण गर्दा कार्यक्षमतावाट ५० प्रतिशत, गरिबीवाट २५ प्रतिशत र भौगोलिक क्षेत्रवाट २५ प्रतिशतका आधारमा व्यवस्थित गरिनेछ ।

(ञ) छात्रवृत्तिमा सामेल हुने विद्यार्थीले अनिवार्य रुपमा आफ्नो क्याम्पसले तोकेको औपचारिक पोशाकमा सहभागी हुनुपर्नेछ ।

(ट) टुहुरा, अनाथ वा अन्य कसैको आश्रयमा रही अध्ययनरत विद्यार्थीलाई विशेष प्राथमिकतामा राखिनेछ ।

(ठ) छात्रवृत्ति वितरण, व्यवस्थापन, अभिलेखीकरण लगायतका विषयमा परेका समस्या समाधानका लागि सहजीकरण गर्ने र छात्रवृत्ति कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि निर्देशन र आवश्यकतानुसार अनुगमन गर्ने ।

क्याम्पस प्रमुख

परिच्छेद -४

४. स्वास्थ्य बिमासम्बन्धी

४.१. यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको स्वास्थ्य उपचार शुल्क सम्बन्धमा:

(क)त्रि.वि. कार्यकारी परिषद्को निर्णयबमोजिम त्रि.वि. का सबै आङ्गिक क्याम्पसहरूको सम्पूर्ण शैक्षिक कार्यक्रमहरूमा अध्ययनरत प्रत्येक तहका विद्यार्थीहरूबाट स्वास्थ्य उपचार सेवा बापत वार्षिक रू. ५००।- का दरले स्वास्थ्य सेवा शुल्क लिई त्रि.वि. का सबै आङ्गिक क्याम्पसहरूमा अध्ययनरत विद्यार्थीहरूलाई आफूले अध्ययन गरिरहेको क्याम्पसमा नै तत्काल उत्पन्न हुन सक्ने स्वास्थ्य समस्याहरूबाट तत्काल सुविधा प्रदान गर्न अर्थात आकस्मिक स्वास्थ्य उपचार तथा स्वास्थ्य प्रवर्धनको लागि क्याम्पसबाट उठाइएको स्वास्थ्य उपचार रकम मध्ये १० प्रतिशत रकम त्यहि क्याम्पसको कोषमा जम्मा गरी क्याम्पस विद्यार्थी कल्याण प्रमुखको सिफारिसमा क्याम्पस प्रमुखद्वारा कार्य सञ्चालन गर्न सक्ने छ।

(ख) यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको स्वास्थ्य बिमा कार्य सञ्चालन गर्नका लागि आवश्यक परेमा क्याम्पसले छुट्टै बिमासम्बन्धी निर्देशिका बनाइ कार्य सञ्चालन गर्न सक्ने छ।

क्याम्पस प्रमुख

परिच्छेद - ५

५. विविधः

५.१.(क) यस कार्यविधिअन्तर्गत भएका कुरा यसै कार्यविधिअन्तर्गत र अन्यको हकमा त्रि.वि. ऐन, नियम तथा स्वायत्ततासम्बन्धी नियम २०६२ (संशोधनसहित) बमोजिम हुनेछ।

(ख) यस कार्यविधिमा उल्लेख भएका विषयहरू त्रि.वि.ऐन नियम तथा स्वयत्ततासम्बन्धी संशोधित नियम २०६२ (संशोधनसहित) सँग बाझिएमा बाझिएको हदसम्म निष्क्रिय हुनेछन्। यसमा व्यवस्था नभएका विषयहरू प्रचलित त्रि.वि. ऐन, नियम बमोजिम हुनेछन्।

(ग) विद्यार्थी कल्याण तथा खेलकुद शाखाद्वारा सञ्चालन गरिने विद्यार्थी लक्षित कार्यक्रममा यस क्याम्पसका प्राध्यापक, कर्मचारीहरूको सहयोग लिई कार्यक्रम सञ्चालन गर्न सकिने छ।

५.२. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आइपरेमा क्याम्पस कार्यकारी समितिले त्यस्तो बाधा अड्काउ फुकाउने छ।

५.३. **बचाउः** यस कार्यविधिमा समावेश नभएका विषयमा त्रि.वि. ऐन,नियम तथा स्वायत्ततासम्बन्धी नियम २०६२ (संशोधिनसहित) बमोजिम हुनेछ।

५.४. **संशोधनः** यस कार्यविधिमा केही संशोधन, परिमार्जन गर्नुपर्ने भएमा क्याम्पस कार्यकारी समिति संशोधन गरी लागु गर्न सक्नेछ।

क्याम्पस प्रमुख

अनुसूची १

महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलामको क्याम्पस विद्यार्थी कल्याण तथा खेलकुद सभा

श्रीमान् क्याम्पस प्रमुखज्यू,
महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम

विषय: गरिब तथा जेहेन्दार वा निःशुल्क छात्रवृत्ति सम्बन्धमा ।

महोदय,

म यस क्याम्पसमा देहायको विवरणमा रही अध्ययनरत छु । यस क्याम्पसद्वारा उपलब्ध गराईने छात्रवृत्तिका लागि आफूलाई देहायको क्षेत्र वा वर्गमा योग्य ठानी यो निवेदन पेश गरेको छु ।

१.विद्यार्थीको नाम:-(देवनागरीमा)

Name in BLOCK LETTERS:

२.जन्म मिति: वि.सं. .....साल.....महिना.....गते

३.ठेगाना: जिल्ला:.....न.पा./गा.पा. .....वडा नं .....

४.आमाको नाम:..... .....पेशा.....

५.बाबुको नाम:.....पेशा.....

६.शैक्षिक भर्ना विवरण:

सङ्काय.....शैक्षिक कार्यक्रम.....तह.....

भर्ना वर्ष.....रोल नं. ..... फोन/मोबाइल नं .....

७ शैक्षिक विवरण:

तह	अध्ययन गरेको संस्थाको नाम र ठेगाना	GPA	कैफियत
+ २			
स्नातक प्रथम वर्ष			
स्नातक द्वितीय वर्ष			
स्नातक तृतीय वर्ष			

८.संलग्न कागजात

क. गरिब विद्यार्थीका हकमा सम्बन्धित निकायको सिफारिस पत्र

ख. सम्बन्धित तहको अघिल्लो वर्षका लब्धाङ्कपत्रको प्रमाणित प्रतिलिपि

ग. आन्तरिक परीक्षामा सामेल भएको सम्बन्धित विभागको सिफारिसपत्र

माथि उल्लेख गरिएको व्यहोरा ठिक साँचो हो झुट्टा भए कानुनबमोजिम सहुँला बुझाउँला ।

हस्ताक्षर:.....

इति सम्वत्.....साल.....महिना.....गते.....रोज शुभम् ।

१०

महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम

क्याम्पस प्रमुख

अनुसूची २

दफा ३.१.को (ज) सँग सम्बन्धित

SN	Ethic Label	SN	Ethic Label
1	Baantar	29	Lodhar
2	Badhal	30	Lohar
3	Badi	31	Majhi
4	Barai	32	Walung
5	Baramu	33	Yadev
6	Bida	34	Munda
7	Bohte	35	Musahar
8	Damai/Dholi	36	Muslim
9	Danuwar	37	Nuniya
10	Dhanuk	38	Pahari
11	Dhobi	39	Panjabi/Shikh
12	Dhunyaxi	40	Pattnarakatta/ Kuswadiya
13	Dom	41	Rajbhar
14	Dusadh/Paswan	42	Raji
15	Gane	43	Raute
16	Gangai	44	Santhal/Satar
17	Halkhor	45	Sarki
18	Hayu	46	Sunuwar
19	Jhanged	47	Tajpuriya
20	Kahar	48	Tamang
21	Kamar	49	Tatma
22	Kami	50	Thakuri
23	Kanu	51	Thami
24	Khatwe	52	Tharu
25	Kisan	53	Koche
26	Kurnal	54	Koiri
27	Kurmhar	55	Kurmi
28	Chamar	56	Teli

व्यापमस प्रमुख